# आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७६

**डुङ्गेश्वर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**डाडाँपराजुल, दैलेख**

**कर्णाली प्रदेश , नेपाल**

कार्यपालिकाकावाट स्वीकृत मिति :

प्रमाणित मिति :

प्रमाणित गर्नेको दस्तखत

# आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७६

कार्यपालिकावाट स्वीकृत मिति : २०७७।०७।२७

प्रमाणिकरण मिति : २०७७।०७।२७

प्रस्तावना :

नेपालको संविधान २०७२ ले केन्द्रीकृत राज्य संयन्त्रलाइ विकेन्द्रीत राज्य संयन्त्रको रुपमा रुपान्तरण गरेको छ । संघिय र प्रादेशिक कानुन वमोजिम स्थानीय तहलाइ जनताको विकास समृद्धी , उन्नती , सामाजिक विकास र संरक्षणका लागी  विभिन्न अधिकारहरु प्राप्त भएका छन । सोही विषयलाइ मध्य नजर गदै **डुङ्गेश्वर** गाउँपालिकाको मिति २०७७।०७।२७ गतेको गाउँ कार्यपालिकाको वैठकले गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका, प्राकृतिक प्रकोपबाट पिडित , दिर्घ रोगीहरु , वृद्ध, अपांगता भएका व्यक्तिहरु प्रकोपवाट पिडित व्यक्तिहरु तथा वेखर्चि भएका नागरिकहरुलाइ आथिक सहायता उपलव्ध गराउने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को खण्ड त र न वमोजिम सामान्य मापदण्ड वनाएको छ ।

यस मापदण्डमा डुङ्गेश्वर गाउँपालिका भित्र बसोवास गर्ने व्यक्तिहरुलाई सम्बन्धित ब्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपि प्राकृतिक प्रकोप भएको खण्डमा, प्रहरी सजिमिन मुचुल्काको आधारमा सामान्य आर्थिक सहयोग र  मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा स्वास्थ्य कार्यालयको सिफारिसका आधारमा विशेष आर्थिक सहयोगका रकम उपलब्ध गराउनेछ। तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा **डुङ्गेश्वर** गाउँपालिका भित्र स्थायी बसोवास नभएको भएपनि आर्थिक सहायता उपलव्ध गराउन  सकिनेछ :

**अ. सामान्य आर्थिक सहयोग :** डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिसका आधारमा वढीमा रु १५००० (पन्ध्र हजार सम्म) गाउँपालिकाका अध्यक्षको तोक आदेशमा सभाले विनियोजित गरेको रकमवाट  सहायता रकम उपलब्ध गराउनेछ

(क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,

(ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

(ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु

(ङ) बेखर्ची व्यक्तिहरु

च) प्राकृतिक प्रकोप ( भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी, शितलहर जस्ता)तथा बिपत्तिमा परेका व्यक्तिहरु । यस्ता व्यक्तिहरुले रकम प्राप्त गर्दा स्थानीय सर्जिमिन मुचुल्का,  वडा कार्यालयको सिफारिस ,निवेदन र नागरिकताको प्रतिलिपी,गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

छ) प्राकृतिक प्रकोपमा प्रदान गरिने सहायता नगदी वा जिन्सी दुवै मध्ये कुनै एक उपलव्ध गराउन सकिनेछ ।

**आ. विशेष आर्थिक सहायता :** डुङ्गेश्वर गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा स्वास्थ्य कार्यालयको सिफारिसका आधारमा वढीमा रु २५,०००। (पचीस हजार) सम्म गाउँकार्यपालिकाको निर्णय अनुसार सभाले विनियोजित गरेको रकमवाट  गाउँपालिका अध्यक्षले सहायता रकम उपलब्ध गराउनेछ :

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ग) कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु, तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथा बाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्वन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. २५,०००।- (पचीस हजार) सम्म गाउ कार्यपालिकाको निर्णय अनुसार अध्यक्षको लिखित आदेशमा  उपलव्ध गराउने ।

घ) प्राकृतिक प्रकोपका कारण घरवार विहिन भएका र सवै सम्पति गुमाएका व्यक्तिहरु

ङ) माथि दफाहरुमा उल्लेखित आर्थिक सहायताको वृद्धी गाउँ सभाको निर्णय अनुसार हुनेछ ।

प्रमाणिकरण मिति :२०७७०७७२७

कार्यपालिकावाट निर्णय भएको मिति :२०७७०७२७